# परिच्छेद- १
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

सहकारीसम्बन्धी दीर्घकालीन रणनीतिहरूको विकास गर्दा यसले स्वीकारेका आधारभूत अवधारणा, मूल्य, मान्यता, सिद्धान्तहरूबारे प्रस्ट हुनुपर्दछ। सहकारी भन्नाले सदस्य उन्मुख, सदस्यद्वारा सञ्चालित र सदस्यकै स्वामित्वमा सञ्चालित व्यावसायिक क्रियाकलापलाई जनाउँदछ। अन्तर्राष्ट्रिय सहकारी महासघंको[1] परिभाषाअनुसार संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षाहरू प्राप्तिका लागि स्वेच्छाले एकताबद्ध व्यक्तिहरूको स्वायत्त संगठनलाई सहकारी भनिन्छ। सहकारीको माध्यमबाट उद्यमशीलताको विकास गरेर आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनुका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत सघाउ पुग्नेछ। सहकारीले आफ्नै सिद्धान्त, नीति र आदर्शमा सञ्चालन हुने उद्यमशीलताको दृष्टिकोणलाई बढावा दिई सामाजिक जवाफदेहिता एवं नागरिक समाजको उपयोगितालाई बढाउनेछ। विश्वमा सहकारी आन्दोलनलाई मर्यादित, व्यावसायिक, समावेशी एवं सहभागितात्मक तुल्याउने उद्देश्यले सन् १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासंघ (International Cooperative Alliance- ICA) को स्थापना भएको छ। विश्वका करिब १०० राष्ट्रका करिब २८४ सहकारी संघहरू (Federations) सदस्य रहेको अन्तर्राष्ट्रिय सहकारी महासंघ एक गैरसरकारी संगठन हो। यसको मूल उद्देश्य विश्वभरका सहकारीहरूको प्रतिनिधित्व गर्ने, एकताबद्ध गराउने र सेवा प्रदान Serve गर्नु हो। विश्वभरका सहकारी संस्थालाई दिगो, स्वच्छ एवं विश्वसनीय तुल्याउन अन्तर्राष्ट्रिय सहकारी महासंघले विभिन्न मूल्य तथा सिद्धान्तहरू प्रतिपादन गरेको छ।

## १.२ सहकारीका मूल्यहरू

अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा सहकारी सम्बद्ध मूल्यहरूलाई आधार मूल्य तथा नैतिक मूल्य गरी विभक्त गरिएका छन्[2]। आधार मूल्यअन्तर्गत आत्मसहयोग (Self Help), स्वःउत्तरदायित्व (Self Responsibility), प्रजातन्त्र (Democracy), समानता (Equality), न्याय (Equity) र ऐक्यवद्धता (Solidarity) पर्दछन्। आधार मूल्यहरू मूलतः सहकारी संस्था सदस्यहरूबीचको सम्बन्ध कायम गर्ने आन्तरिक प्रकृतिका हुन्छन्। जबकि सहकारी सम्बद्ध नैतिक मूल्यहरू विशेषतः सहकारी सङ्गठन र समाजबीचको सम्बन्धसँग गाँसिएको हुन्छ। सहकारीका नैतिक मूल्यहरू इमान्दारिता (Honesty), खुलापन (Openness), सामाजिक उत्तरदायित्व (Social Responsibility) र अरूको हेरचाह (Caring for Others) सँग सम्बन्धित हुन्छन्।

---

1 The Guidance Notes on the Co-operative Principles, International Cooperative Alliance- ICA, 20.

2 The Guidance Notes on the Co-operative Principles, International Cooperative Alliance- ICA, 2017.

## १.३ सहकारी सिद्धान्तहरू

सहकारी सिद्धान्तहरू सहकारी संस्थाहरूद्वारा आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्ने मार्गदर्शनहरू हुन् । सहकारी सिद्धान्तहरू निम्नबमोजिम छन् :

### (क) स्वेच्छिक तथा खुला सदस्यता

सहकारी एउटा स्वेच्छिक सङ्गठन हो । सहकारीबाट प्राप्त हुने सेवा, सुविधाहरू उपभोग गर्न र सदस्यताको उत्तरदायित्व वहन गर्न स्वीकार गर्नेहरूका लागि लिङ्ग, सामाजिक, जातीय, राजनैतिक वा धार्मिक भेदभावबिना सदस्यता खुला रहन्छ ।

### (ख) सदस्यको प्रजातान्त्रिक नियन्त्रण

सहकारीले सदस्यहरूद्वारा नियन्त्रित प्रजातान्त्रिक संस्थालाई जनाउँदछ । यसका सदस्यहरू आफैं नीति निर्धारण र निर्णय गर्न सक्रिय रूपमा सहभागी हुन्छन् । निर्वाचित महिला वा पुरुष प्रतिनिधिहरू सदस्यहरूप्रति जवाफदेही हुन्छन् । प्रारम्भिक सहकारी संस्थाका सदस्यहरूमा एक सदस्य एक मतको आधारमा समान मताधिकार निहित हुन्छ । साथै अन्य तहका सहकारीहरू पनि प्रजातान्त्रिक आधारमा नै गठन गरिन्छन् ।

### (ग) सदस्यको आर्थिक सहभागिता

सहकारीको पुँजी आर्जन तथा परिचालनमा यसका सबै सदस्यहरूको न्यायिक अथवा समान स्वामित्व तथा सहभागिता रहेको हुन्छ । सदस्यहरूले बचतलाई विशेष गरी सहकारी विकासका लागि कोष स्थापना गरेर सहकारीसँग गरेको कारोबारको आधारमा सदस्यहरूलाई लाभ पुऱ्याउन र सदस्यहरूले निर्धारण गरेको अन्य कार्यहरूको सहयोग गरेका हुन्छन् ।

### (घ) स्वायत्तता तथा आत्मनिर्भरता

सहकारी स्वायत्त, स्वावलम्बी र सदस्यहरूद्वारा नियन्त्रित सङ्गठन हो । सरकार तथा अन्य निकायसित कुनै सम्झौता गर्नुपरेमा उनीहरूले सदस्यहरूबाट हुने प्रजातान्त्रिक नियन्त्रण र स्वायत्तता तथा आत्मनिर्भरतामा आँच नआउने सर्तमा गर्दछन् ।

### (ङ) शिक्षा, तालिम तथा सूचना

सहकारीले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि र कर्मचारीलाई शिक्षा तथा तालिम प्रदान गर्दछन् । यस्ता तालिमले गर्दा सदस्यहरू निर्वाचित पद हासिल गरेमा वा कर्मचारीमा नियुक्त भएमा आफ्नो सहकारीको विकासको निमित्त प्रभावकारी योगदान पुऱ्याउने क्षमता हासिल गरेका हुन्छन् । प्रायः सबै सहकारी सदस्यहरू सर्वसाधारण जनता विशेष गरी युवा पुस्ता र वैचारिक नेताहरूलाई सहकारीको प्रकृति तथा लाभबारे सुसूचित गर्न सक्षम हुन्छन् ।

**(च) सहकारीहरूबीच सहयोग**

सहकारीले आफ्ना सदस्यहरूलाई प्रभावकारी तवरले सेवाहरू उपलब्ध गराउँदछन् । सहकारी आन्दोलनको सुदृढीकरणका लागि स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय सहकारिताको माध्यमद्वारा परस्पर मिलेर काम गर्दछन् ।

**(छ) समुदायप्रति चासो**

सदस्यहरूद्वारा निर्धारण गरिएका नीतिहरूको आधारमा सहकारीले समुदायको दिगो विकासका लागि काम गरेका हुन्छन् ।

## १.४ सहकारीको विकासका लागि अन्तर्राष्ट्रिय संघ संस्थाको सरोकार

सहकारीको विकास सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूद्वारा विशेष चासो एवं सरोकार राख्ने गरेका छन् । यसमा अग्र स्थानमा रहेको अन्तर्राष्ट्रिय सहकारी महासंघले विश्वमा सहकारीको विकासका लागि छाता संगठनको रूपमा मार्गदर्शन एवं संयोजनको भूमिका निर्वाह गर्दै आएको छ । यस महासंघद्वारा निर्दिष्ट गरिएका मूल्यहरू एवं प्रतिपादित सिद्धान्तहरूका आधारमा सदस्य राष्ट्रहरूलाई सहकारी आन्दोलन अघि बढाउन सघाउ तथा योगदान पुग्दै आएको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् २०११ देखि सन् २०२० सम्मको अवधिलाई सहकारी दशक घोषणा गरी दसवर्षे रणनीतिक योजना कार्यान्वयनमा ल्याएको छ । यस रणनीतिक योजनाअन्तर्गत सहभागिता, दिगोपना, पहिचान, कानुनी संरचना र पुँजी जस्ता पाँचवटा स्तम्भहरू निर्धारण गरिएका छन् । यी प्रत्येक स्तम्भको आफ्नै खास निर्धारित उद्देश्यहरू छन् । यी निर्धारित उद्देश्यहरू सहकारीद्वारा हासिल गर्ने अपेक्षा गरिएका हुन्छन् ।

प्रत्येक दुई वर्ष अन्तर्राष्ट्रिय सहकारी महासंघको साधारणसभा तथा विश्व सम्मेलन गरेर सहकारीको प्रवर्द्धनको लागि विशेष रणनीति सन्देश दिने, सहकारीको सञ्जाल विस्तारका साथै भविष्यमा सहकारी क्षेत्रको गन्तव्यबारे छलफल गरिनेछ । सन् २०१६ मा सम्पन्न विश्व सहकारी सम्मेलन संयुक्त राष्ट्रसंघको दिगो विकाससम्बन्धी लक्ष्यहरू पूरा गर्नका लागि सरकार, निजी क्षेत्र र नागरिक समाजका बीचमा प्रभावकारी साझेदारीको आवश्यकता पर्ने र यसका लागि सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुग्न सक्ने भनी सम्मेलनको घोषणापत्रमा उल्लेख गरिएको छ । यस प्रकार अन्तर्राष्ट्रियस्तरमा हुने गरेका सहकारी सम्बद्ध सभा सम्मेलनमा दिइने अभिव्यक्ति तथा घोषणापत्रहरूले राष्ट्रियस्तरमा सहकारी क्षेत्र सम्बद्ध रणनीतिहरूको विकास गर्नमा प्रत्यक्ष सघाउ पुग्नेछ ।

यसैगरी संयुक्त राष्ट्रसंघ (United Nations-UN) ले गरिबी निवारणमा योगदान पुऱ्याई दिगो सामाजिक तथा आर्थिक विकास हासिल गर्नका लागि सहकारीको महत्वपूर्ण भूमिका हुनुपर्ने मान्यता लिएको छ । यसका लागि सरकारद्वारा उपयुक्त वातावरणको सृजना गरी सहकारीका निमित्त आवश्यक पर्ने पूर्वाधारको विकास गर्नमा जोड दिइएको छ । यसै तात्पर्यबमोजिम संयुक्त राष्ट्रसंघले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरी सहकारी उद्यमहरूले समृद्ध विश्व निर्माण गर्नमा सघाउ पुऱ्याउने अपेक्षा गरेको थियो । अन्तर्राष्ट्रिय सहकारी वर्षले सहकारीसम्बन्धी चेतना अभिवृद्धि गर्ने, सहकारीको संस्थापनलाई प्रवर्द्धन गर्ने र सरकारलाई यस सम्बन्धमा प्रोत्साहित गर्ने

उद्देश्यहरू राखेको पाइन्छ। अर्को महत्वपूर्ण राष्ट्रसंघीय संस्था अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization- ILO) ले सुझाव नं. १९३ अन्तर्गत सहकारीको प्रवर्द्धन शीर्षकअन्तर्गत सहकारीसम्बन्धी लक्ष्यहरू, नीतिगत संरचना सरकारको भूमिका र सहकारी प्रवर्द्धनका उपायहरूलाई सम्बोधन गरेको छ। यसका साथै युरोपेली संघ (European Union) द्वारा सामाजिक तथा आर्थिक सन्दर्भमा सहकारीको विकासलाई प्रोत्साहित गरी सोको प्रतिस्पर्धात्मक क्षमतालाई अभिवृद्धि गर्ने प्रयोजनका लागि केही कार्यहरू सम्पन्न गरेको पाइन्छ।

संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरूद्वारा सन् २०१५ को राष्ट्रसंघीय साधारणसभाको शिखर सम्मेलनबाट पारित १७ वटा लक्ष्यहरू, १६९ गन्तव्य र २३० परिसूचक भएको दिगो विकासका लक्ष्यहरू प्रतिपादन गरी गरिबीको अन्त्य, लैङ्गिक समानता, मर्यादित काम र आर्थिक वृद्धि, असामनता न्यूनीकरण, दिगो उपभोग तथा उत्पादन, समावेशी समाजको प्रवर्द्धन र सशक्त साझेदारी जस्ता लक्ष्यहरू प्राप्तिका लागि सहकारी क्षेत्रले प्रत्यक्ष एवं परोक्ष रूपमा भूमिका खेल्नुपर्नेछ। यसै सन्दर्भमा अन्तर्राष्ट्रिय सहकारी सहासंघ, संयुक्त राष्ट्रसंघ लगायत विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरू सहकारीको प्रवर्द्धन तथा विस्तारतर्फ क्रियाशील रहँदै आएका छन्। सहकारीको सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा भएका यी कार्यहरूले नेपालको सहकारी क्षेत्रलाई दीर्घकालिक, रणनीतिक, दृष्टिकोण अनुरूप अघि बढाउन वाञ्छनीय भएको छ।

## १.५ विश्वमा सहकारीको स्थिति

अन्तर्राष्ट्रिय सहकारी महासंघको सन् २०१६ को तथ्यांक[3] अनुसार विश्वमा करिब १ अर्ब सहकारी सदस्यहरू रहेका, २६ लाखभन्दा बढी सहकारी संस्थाहरू भएका र करिब २५ करोड मानिसहरूलाई सहकारी क्षेत्रले पूर्ण एवं आंशिक रूपमा रोजगारी प्रदान गरेको पाइन्छ। अन्तर्राष्ट्रिय सहकारी महासंघकै आँकडाअनुसार फिनल्यान्डमा कुल जनसंख्याको ७२ प्रतिशत, क्यानाडामा कुल जनसंख्याको ५० प्रतिशत र सिंगापुरमा कुल जनसंख्याको २५ प्रतिशत मानिसहरू सहकारी सदस्य छन्। संयुक्त राष्ट्रसंघद्वारा वि.सं. २०७१ मा गरिएको सहकारी गणना (Global Census on Cooperatives- 2014) अनुसार विश्वभरका सहकारी संस्थाहरूले करिब यूएस डलर २०० खर्ब बराबरको सम्पत्ति प्राप्त गरेका छन् भने यूएस डलर ३० खर्ब बराबरको आयआर्जन गरेका छन्। विश्वका ३०० ठूला सहकारीहरूले वार्षिक कारोबार २.५ ट्रिलियन अमेरिकी डलर बराबर गर्दछन्। राष्ट्रियस्तरमा कुल गार्हस्थ उत्पादनको अनुपातलाई हेर्दा न्युजिल्यान्डमा २० प्रतिशत नेदरल्यान्डमा १८ प्रतिशत, फ्रान्समा १८ प्रतिशत र फिनल्यान्डमा १४ प्रतिशत रहेको पाइन्छ।

विश्वको सहकारी संस्थाहरूलाई विषयगत आधारमा विश्लेषण गर्दा कृषि सहकारी सबैभन्दा बढी प्रचलित सहकारी हो। भारत र चीनमा ठूलो संख्यामा कृषि सहकारी भएबाट विश्वका औसत सहकारी संस्थामा कृषि सहकारी बढी देखिएको हो। चीन र भारतमा औसत जग्गा स्वामित्वको आकार सानो (चीनमा ०.३ हेक्टर र भारतमा १.३ हेक्टर) भएबाट सहकारीको माध्यमद्वारा मिलेर काम गरी बढी लाभ हासिल गर्न सक्षम भएका छन्। उदाहरणको लागि भारतमा सहकारीले मलखाद बजारको ३६ प्रतिशत ओगटेको छ। यसै गरी चीनमा कपास तथा सुती बजारको ६०

---

[3] Data Explorer 2016, ICA

प्रतिशत, कृषि प्रशोधनको ६८ प्रतिशत, चिया उत्पादनको ७०–८० प्रतिशत र मलखाद बजारको ८० प्रतिशत सहकारी क्षेत्रले ओगटेको देखिन्छ ।

यसै गरी विश्वमा सहकारी सम्बन्धमा अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा प्रकाशित बुलेटिनमा उल्लेखित आँकडाअनुसार विश्वका प्रमुख सहकारीमा कृषि सहकारीको अलावा थोक तथा खुद्रा व्यापार, उपभोक्ता सहकारी, बीमा व्यवसाय, बैंकिङ तथा वित्तीय सेवा, उद्योग व्यवसाय, स्वास्थ्य तथा सामाजिक हेरचाह र अन्य सेवाहरू सहकारी क्षेत्रअन्तर्गत मुख्य रूपमा समेटिएका छन् ।

## १.६ सहकारीको सन्दर्भमा अन्य राष्ट्रका अनुभवहरू

नेपालको सहकारी क्षेत्रको विद्यमान स्थिति चुनौती र सम्भावनाहरूबारे विवेचना गर्नुअघि अन्य केही राष्ट्रका राम्रा अनुभवहरूबारे टिप्पणी गर्नु उपयुक्त हुनेछ। विश्वका कतिपय राष्ट्रमा मानिसहरूको सामाजिक तथा आर्थिक आकांक्षाहरू पूरा गर्न सहकारी क्षेत्रको ठूलो भूमिका रहेको देखिन्छ। कतिपय राष्ट्रमा क्रियाशील एवं गतिशील सहकारी क्षेत्रको माध्यमबाट आर्थिक वृद्धिदरमा उल्लेख्य रूपमा योगदान हासिल हुन सकेको पाइन्छ। अन्तर्राष्ट्रियस्तरमा सहकारीको विकास तथा योगदानलाई दृष्टिगत गर्दा सहकारीको माध्यमलाई रणनीतिक तवरले अँगाल्नाले सामाजिक तथा आर्थिक विकास, रोजगारी सृजना, उत्पादन वृद्धि, स्थानीय समुदायद्वारा आर्थिक स्वामित्व र मानव संसाधन विकासका लागि अनुकूल वातावरण सृजना हुन गई मुलुकको आर्थिक विकास तथा सामाजिक रूपान्तरणमा ठोस प्रगति हासिल हुन सकेको पाइन्छ। सहकारी क्षेत्रको विकासमा राम्रो नतिजा हासिल गरेका केही राष्ट्रका राम्रा अनुभवहरू संक्षेपमा निम्नबमोजिम उल्लेख गरिएका छन्[4]:

### १.६.१ श्रीलङ्का

श्रीलङ्कामा विगत आधा शताब्दीदेखि बहुसंख्यक मानिसहरू दैनिक जीवनयापनमा सहकारी सम्बद्ध क्रियाकलापहरू आवद्धित रहेका छन् । श्रीलङ्काको आर्थिक तथा सामाजिक क्षेत्रमा सहकारी संघ तथा संस्थाहरूको बहुआयामिक संलग्नता रहेको छ । सहकारी संस्थाको सदस्य संख्या सन् २००९ मा ८२.१३ लाख रहेकोमा सोमा केही कमी आई सन् २०१३ मा जम्मा ८२.१२ लाख मात्र सदस्य संख्या कायम रहेको देखिन्छ । कुल जनसंख्याको करिब ४० प्रतिशत मानिसहरू सहकारी सदस्य भएको विद्यमान स्थितिले श्रीलङ्काको आर्थिक तथा सामाजिक परिवेशमा सहकारीको उपादेयतालाई प्रस्ट्याउँदछ । सहकारी क्षेत्रअन्तर्गत विभिन्न विषयहरू जस्तैः कृषि, उपभोक्ता पसल, बीमा, बैंकिङ, स्वास्थ्य सेवा, माछापालन, तयारी पोसाक उत्पादन, थोक बिक्री, छपाइ, यातायात सेवा आदि क्षेत्र समेटिएको छ । सबै सहकारीलाई सहकारी तथा आन्तरिक व्यापार मन्त्रालयद्वारा नियमन गरिने व्यवस्था छ र सहकारी संस्थाहरू सहकारी संस्था ऐनअन्तर्गत स्थापना तथा सञ्चालन हुने प्रावधान छ । श्रीलङ्काको सहकारी विकास विभागको उपलब्ध आँकडाअनुसार सन् २०१३ मा विभिन्न प्रकारका गरी जम्मा १४,४३४ सहकारी संस्थाहरू दर्ता भएका र सोमध्ये १३,३९० प्रारम्भिक सहकारी संस्थाहरू छन् । सहकारी संस्थाहरूको दर्ता संख्यालाई हेर्दा सन् २००९ मा कुल दर्ता संख्या १४,६९७ रहेकोमा पाँच वर्षको अवधिमा सहकारी संस्थाको संख्यामा दर्ता खारेजी तथा एकीकरणको कारणले केही कमी आई सहकारी संस्थाहरूको दर्ता संख्या सन् २०१३ मा जम्मा १४,४३४ मात्र

4 Integrated Strategy on the Development and Promotion of Co-operatives, International Best Practice, Department of Trade and Industry, South Africa, 2012.

कायम रहेको छ ।[5] यसबाट श्रीलङ्कामा सहकारी संस्था तथा सदस्य संख्या बढाउनेतर्फ भन्दा सहकारी संस्थाहरूको गुणात्मक अभिवृद्धिलाई प्राथमिकता दिएको पाइन्छ । श्रीलङ्कामा सरकारको संयोजनमा निजी क्षेत्र र सहकारी क्षेत्रबीचको सहकार्यले मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणमा सकारात्मक प्रभाव परेको पाइन्छ । राष्ट्रिय सहकारी परिषद् (National Cooperative Council-NCC) ले श्रीलङ्कामा सहकारी शिक्षा, तालिम, परामर्श, प्रचारप्रसार, समन्वय र अन्तर्राष्ट्रिय मामिलाको सन्दर्भमा छाता संगठनका रूपमा कार्य गरी आएको छ ।

### १.६.२ भारत

विश्वको सहकारी आन्दोलनमा भारतको अग्रणी स्थान रहेको छ । भारतका करिब दुई तिहाइ घरधुरी र ९० प्रतिशतभन्दा बढी ग्रामीण समुदाय कुनै न कुनै रूपमा सहकारीसँग आबद्ध रहेका छन् । भारतको सामाजिक, आर्थिक विकासमा सहकारी क्षेत्रको योगदान उल्लेख्य रही आएको छ । विगतका केही दशकहरूमा भारतीय अर्थतन्त्रको विविध क्षेत्रहरूमा सहकारीको भूमिकामा निरन्तर वृद्धि भइरहेको छ । भारतमा सामाजिक आर्थिक रूपान्तरणका लागि सहकारी सम्बद्ध संघीय तथा राज्य कानुनहरूले विशेष प्रावधानहरूलाई स्थापित गरेका छन् । यसका लागि बहुराज्य सहकारी संस्था ऐनको समेत व्यवस्था गरिएको छ । राष्ट्रिय सहकारी संघले छाता संगठनको रूपमा सहकारीको प्रवर्द्धनमा सघाउ पुऱ्याउनेछ । भारतमा सहकारीलाई उद्योगका रूपमा विस्तार गरिएको छ । राज्य सरकारहरूले सहकारीलाई करसम्बन्धी सहुलियतहरू वित्तीय सुविधाहरू प्रदान गर्ने गरेका छन् । अर्थतन्त्रको विभिन्न क्षेत्रहरू जस्तै कर्जा प्रवाह, उत्पादन, प्रशोधन, बजारीकरण कृषि सामग्री वितरण, आवास, डेरी, कपास तथा सुती कपडा उत्पादन, ग्रामीण बैंकिङ, आदि क्षेत्रमा सहकारी सफलता हासिल गर्न सकेको पाइन्छ । भारतको सहकारी संस्थाले गरेको ऋण प्रवाह विश्वमा नै सबैभन्दा ठूलो सहकारी सेवा सञ्जालको रूपमा रहेको छ । कृषि क्षेत्रलाई वाणिज्य बैंकहरूबाट भन्दा बढी कर्जा सहकारी क्षेत्रबाट नै प्रवाह भएको, मलखादको उत्पादन तथा वितरणको ३५ प्रतिशत सहकारी क्षेत्रको अंश रहेको, कुल चिनी उत्पादनको ५८ प्रतिशत सहकारी क्षेत्रबाट उत्पादन हुने, हाते तान बुनाइमा सहकारीको योगदान ५५ प्रतिशत रहेको र खाद्य तेलको अंश ५० प्रतिशत रहेको पाइएको छ । यसै गरी दूधको उत्पादनमा सहकारी क्षेत्रको अग्रस्थान रहेको छ ।[6] भारतमा सहकारी गठन गर्ने अधिकारलाई संविधानको मौलिक हक प्रदान गरिएको छ । भारतको इफको र अमूल विश्वका ३०० ठूला सहकारीहरूमध्येमा पर्दछन् ।

### १.६.३ बंगलादेश

बंगलादेशमा सहकारी क्षेत्रको नेतृत्व राज्यस्तरबाटै भएको छ र ग्रामीण विकास तथा गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई एउटा अभिन्न अंगको रूपमा लिइएको छ । सन् १९७० को दशकमा सहकारी क्षेत्रमा सामना गर्नुपरेका चुनौतीहरू समाधानको लागि विभिन्न सुधारात्मक उपायहरू अँगालेको पाइन्छ । जसअनुसार संविधान नै संशोधन गरेर सहकारीको विकासलाई सरकारको जिम्मेवारीमा राखिएको, सहकारीसम्बद्ध छुट्टै केन्द्रीय निकायको व्यवस्था गरिएको, राष्ट्रिय सहकारी कलेजको स्थापना गरिएको, केन्द्रीय बैंकद्वारा सहकारी बैंकलाई थोक ऋण (Wholesale

---

[5] Department of Cooperative Development, Sri Lanka, Statistics Report, 2013

[6] Cooperative Societies in Rural India, Ramandeep Kaur, 2014

Loans) प्रवाह गरी ग्रामीण बैंकहरूलाई खुद्रा ऋण (Retail Loans) प्रवाह को व्यवस्था गरिएको जस्ता उपायहरू अँगालेर बंगलादेशको सहकारी क्षेत्रलाई क्रियाशील बनाइएको पाइन्छ । बंगलादेशमा विशेष गरेर कृषि, माछापालन, कला तथा संस्कृति, सेवा आवास र वित्तीय क्षेत्रमा सहकारी संस्थाहरू बढी सफल देखिएका छन् ।

### १.६.४ केन्या

अन्तर्राष्ट्रिय सहकारी महासंघको आँकडाअनुसार केन्यामा सहकारी क्षेत्रले कुल गार्हस्थ उत्पादनको ४५ प्रतिशत, राष्ट्रिय बचत तथा निक्षेपको ३१ प्रतिशत, कफी बजारको ७० प्रतिशत, दुग्ध बजारको ७६ प्रतिशत र कपास तथा सुती बजारको ९५ प्रतिशत योगदान पुर्‍याउँदै आएको छ । केन्याको अर्थतन्त्रमा सहकारीको अग्रणी भूमिका रहनुमा सरकार र सहकारी आन्दोलनबीच महत्वपूर्ण साझेदारी हो । सहकारी क्षेत्रलाई नतिजा उन्मुख तुल्याउन केन्यमा विशेष कानुनी प्रावधानका साथै स्पष्ट नीति तथा रणनीतिको कार्यान्वयनबाट सहकारी क्षेत्रअनुकूल वातावरण सृजना हुन सकेको पाइन्छ । सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकासका लागि उल्लेख्य बजेट विनियोजन, सहकारी शिक्षा तथा तालिमका लागि सरकारद्वारा उल्लेख्य योगदान, सहकारी क्षेत्रमा विवाद समाधानका प्रभावकारी प्रणाली, विकेन्द्रीकृत कार्यान्वयन आदि कारणहरूले केन्यामा सहकारी क्षेत्र फस्टाउन सकेको पाइन्छ ।

### १.६.५ क्यानाडा

सहकारीको विकासका लाागि क्यानाडामा राज्य र सहकारी आन्दोलनका बीच बलियो साझेदारीको रणनीतिक दृष्टिकोण अँगालेको पाइन्छ । सहकारीका सिद्धान्तहरूलाई अनुसरण गर्दै कानुनी संरचनाको निर्माण गरी क्यानाडामा क्रियाशील सहकारीको सञ्चालन तथा प्रवर्द्धनका लागि उच्चतम अनुकूल वातावरण सृजना गरिएको छ । क्यानाडामा सहकारी क्षेत्रले सफलता हासिल गर्नुका प्रमुख कारक तत्वहरू निम्नबमोजिम छन् ।

- सरकारी सम्बद्ध निकायहरूको बीचमा प्रभावकारी समन्वय,
- सहकारी आन्दोलनसँग सरकारको सबल साझेदारी,
- प्रत्येक क्षेत्रअन्तर्गत दोस्रो तहका सहकारी संस्थाहरूको संस्थापना,
- विश्वविद्यालयहरूमा सहकारी अध्ययन केन्द्रहरूको स्थापना गरी सहकारी सम्बद्ध शिक्षा र तालिम प्रदान,
- सहकारीसम्बन्धी अनुसन्धान र सहकारी क्षेत्रको सम्बन्धमा तुलनात्मक अध्ययनहरू ।

### १.६.६ इटाली

सहकारी संस्थाहरूले इटालीको आर्थिक, सामाजिक क्षेत्रमा उल्लेख्य प्रभाव पार्न सकेका छन् । सुरुमा ग्रामीण कर्जा प्रवाह, डेरी उत्पादन, वाइन उत्पादन र उपभोक्ता आपूर्तिमा सहकारी क्षेत्रले ठूलो योगदान गरेको पाइन्छ । पछि आएर सबैजसो क्षेत्रमा सहकारी क्षेत्रको विस्तार भएको देखिन्छ । इटालीको सहकारी कानुनले उपभोक्ता सहकारीका सदस्यहरूले आफ्ना सहकारी संस्थालाई ऋण दिन सक्ने प्रावधानलाई प्रोत्साहित गरेअनुसार उपभोक्ता सहकारीहरूले बढीभन्दा बढी सफलता हासिल गर्न सकेको पाइन्छ । यस प्रकार सदस्यले नै सहकारी संस्थालाई ऋण प्रदान गर्दा ऋणको

न्यूनतम तथा अधिकतम सीमा तोकिने र औसत ब्याजदर व्यावसायिक ब्याजदरभन्दा १.५ प्रतिशतसम्म बढी हुन सक्ने व्यवस्था गरिएको पाइन्छ। यसै गरी इटालीमा सामाजिक सहकारी संस्थाहरू पनि सफल देखिएका छन्। सरकारद्वारा सेवा प्रवाह नगर्ने गरी स्थगन वा फिर्ता गरिएका सेवाहरू र निजी क्षेत्रले लगानी नगर्ने सेवाहरूमा सामाजिक सहकारी संस्थाहरूले विभिन्न सेवाहरू प्रदान गरी आएका छन्। सरकारको कानुनी प्रावधानअनुसार सामाजिक सहकारी संस्थाहरूसँग सरकारी निकायहरूले खरिद गर्दा बोलपत्रको आवश्यक नपर्ने हुँदा सामाजिक सहकारी संस्थाहरू व्यापक स्तरमा विस्तार हुन सकेका पाइन्छन्।

### १.६.७ दक्षिण अफ्रिका

हालका वर्षहरूमा दक्षिण अफ्रिकामा सहकारी क्षेत्र गतिशील हुनाका प्रमुख कारणहरूमा सहकारीलाई सघाउ पुग्ने विशेष कानुनी प्रावधानहरू सरकारको सबै पक्षबाट सहकारी क्षेत्रलाई सघाउने र सरकारी निकायहरूले सहकारी संस्थाहरूबाट सहजताका साथ खरिद गर्न सक्ने प्रावधान आदिलाई उल्लेख गर्न सकिन्छ। सहकारी क्षेत्रअन्तर्गत परम्परागत कृषि व्यवसायको अतिरिक्त उत्पादन, निर्माण, यातायात, आवास, सेवा, सूचना प्रविधि, खानी, कला, सेवा लगायतका कार्यहरूलाई सहकारी क्षेत्रको दायराभित्र समेटिएको छ।

### १.६.८ इजरायल

इजरायलमा कृषि क्षेत्रको उत्पादन तथा सेवाहरूको करिब ८० प्रतिशत अंश सहकारीले ओगटेको छ। इजरायल छुट्टै राज्यको रूपमा स्थापनापश्चात् कृषि क्षेत्रमा सहकारीकरणको थालनी गरिएको हो र फलस्वरूप इजरायल सहकारीको राज्यमा रूपान्तरण भएको छ। सुरुमा कृषि सहकारी प्रवर्द्धनका लागि सरकारद्वारा सहकारीको विकासमा लगानी बढाइनुका साथै विशेष सुविधा तथा सहुलियतहरू उपलब्ध गराइएको थियो। यसबाट कृषि सहकारीको तीव्रतर विकास हुन गयो। पछि आएर सरकारले कृषि क्षेत्रलाई उपलब्ध सुविधा तथा सहुलियतमा क्रमिक कमी गर्दै कृषि क्षेत्रलाई बजारमा प्रतिस्पर्धात्मक तुल्याउने नीति अँगालेको देखिन्छ।[7]

कृषिको अतिरिक्त इजरायली सरकारले सहकारी क्षेत्रअन्तर्गत विभिन्न पेसागत व्यवसायहरूतर्फ विविधीकरण गरेको पाइन्छ। जस्तै- आवास सुविधा, नवीकरणीय ऊर्जा, क्याटरिङ तथा रेस्टुरेन्ट व्यवसाय, साउन्ड सेवा (संगीत तथा एम्प्लिफिकेसन, डिजाइनिङ, ग्राफिक आर्ट्स, चिकित्सा सेवा, ड्राइभिङ सेवा आदिमा सहकारी क्षेत्र विस्तार हुन गएको छ।

---

[7] Agricultural cooperatives in Israel, Gadi Rosenthal and Hadas Eiges, 2013